नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

प.सं. ०८१/०८२

चलानी नम्बरः-

ताहाचल, काठमाडौं

## राहदानी नविकरण गर्ने र प्रहरी चारित्रिक प्रमाण-पत्र अद्यावधिक गर्ने सम्बन्धी सूचना

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदारको रुपमा कार्य गर्न इच्छुक नेपाली नागरिकहरुलाई आवेदन दिन मिति २०८१/०३/११ मा प्रकाशित विज्ञापन नम्बर १/२०८०/८१ अनुसार चिठ्ठा प्रणालीबाट छनौट भई स्वास्थ्य परीक्षणमा सफल भै पूर्व प्रस्थान अभिमुखिकरण तालिम समेत लिएका उम्मेदवारहरुको करार पत्र प्राप्त हुन प्रारम्भ भएकोले निजहरुको इजरायल प्रवेशको प्रवेशाज्ञाको प्रकृया छिट्टै प्रारम्भ हुने भएको हुँदा विज्ञापन प्रकाशन भएको मिति २०८१/०३/११ देखि अवधि गणना गर्दा Passport Expiry म्याद समाप्त हुन तीन बर्ष बाँकी नहुनेको हकमा सम्बन्धित निकायबाट आफ्नो राहदानी नविकरण गरी अद्यावधिक गर्नुहुन साथै प्रवेशाज्ञा जारी हुनका लागि प्रवेशाज्ञा (VISA) लाग्ने मिति सम्म बहाल रहेको र अनिवार्य रुपमा कन्सुलर प्रमाणित भएको प्रहरी चारित्रिक प्रमाण-पत्र अनिवार्य हुने भएकाले पहिले जारी भएको प्रहरी चारित्रिक प्रमाण-पत्र जारी मितिले ६ महिना समाप्त भएको भएमा पुनः प्रहरी चारित्रिक प्रमाण-पत्र लिई अनिवार्य रुपमा कन्सुलर प्रमाणित समेत गराई अद्यावधिक गर्नुहुन र करार सम्झौता गर्न आउँदा सो बमोजिमको प्रहरी चारित्रिक प्रमाण-पत्रको सक्कल लिई आउन समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८१/१०/१६

..........................

(गिरीराज ज्ञवाली)

निर्देशक

टेलिफोन नं: ०१-४७९२६१६, ४७९२६७१, ४७९२६४८, ४७९२७११०, ४७९२६५८ फ्याक्स नं: ०१-४७९२६०६